काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७६ | बुधवार, २५ चैत, २०८२ | Wednesday, 8 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

सरकारको चेतावनी :

निजी विद्यालयको मनपरी शुल्कमा कडाइ अटेरी गरे अनुमति नै रद्द हुनसक्ने

काँक्रेविहार संवाददाता

सुर्खेत, २४ चैत

आगामी शैक्षिक सत्र २०८३ का लागि विद्यार्थी भर्ना प्रक्रिया सुरु हुन लागेसँगै सरकारले निजी विद्यालयहरूको शुल्क निर्धारणमा कडाइ गर्ने जनाएको छ।

सुर्खेतसहित कर्णाली प्रदेश तथा देशका विभिन्न स्थानबाट मनपरी रूपमा चर्को शुल्क असुलिएको गुनासो बढेपछि सरकार थप सक्रिय बनेको हो। शिक्षा सम्बन्धित निकायहरूले हालै जारी गरेको निर्देशनअनुसार विद्यालयहरूले तोकिएको मापदण्ड र नियमभित्र रहेर मात्र शुल्क लिनुपर्ने जनाइएको छ। शुल्कबारे अभिभावकबाट बारम्बार गुनासो आएपछि अनुगमनलाई प्रभावकारी बनाइने र उल्लंघन गर्ने विद्यालयमाथि कडा कारवाही गरिने जनाइएको छ।

सरकारले स्पष्ट रूपमा चेतावनी दिँदै निर्देशन अवज्ञा गरी बढी शुल्क लिएको पाइएमा त्यस्ता विद्यालयको अनुमति नै रद्द गर्न सकिने जनाएको छ। यसले निजी विद्यालयहरूलाई नियम पालना गर्न दबाब बढाएको छ, भने अभिभावकहरूलाई केही राहतको आशा पनि जगाएको छ। सुर्खेत सहित कर्णालीमा विगतका वर्षहरूदेखि भर्ना शुल्क, वार्षिक शुल्क, पुस्तक तथा पोशाकका नाममा अतिरिक्त रकम असुल्ने प्रवृत्ति बढ्दै गएको थियो। विशेषगरी निजी विद्यालयहरूले पारदर्शिता नदेखाई विभिन्न शीर्षकमा शुल्क वृद्धि गर्दै आएको आरोप लाग्दै आएको छ।

सरकारले यसपटक शुल्क निर्धारणमा पारदर्शिता कायम गर्न, अभिभावकसँग समन्वय गर्न र आवश्यक विवरण सार्वजनिक गर्न विद्यालयहरूलाई निर्देशन दिएको छ। साथै स्थानीय तह र सम्बन्धित निकायलाई अनुगमनको जिम्मेवारी पनि दिइएको छ। शिक्षा क्षेत्रमा बढ्दो व्यापारीकरणप्रति चिन्ता व्यक्त गर्दै सरोकारवालाहरूले सरकारको यो कदम सकारात्मक भएको बताएका छन्। उनीहरूका अनुसार प्रभावकारी कार्यान्वयन हुन सकेमा यसले अभिभावकको आर्थिक भार घटाउनुका साथै शिक्षा क्षेत्रमा अनुशासन कायम गर्न सहयोग पुग्नेछ।

अब सरकारको चेतावनी व्यवहारमा कत्तिको लागू हुन्छ भन्नेमा सबैको ध्यान केन्द्रित भएको छ। यदि अनुगमन प्रभावकारी बन्न सकेन भने विगतजस्तै मनपरी शुल्क असुल्ने प्रवृत्ति झन दोहोरिने जोखिम रहेको छ। शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ८४ (४) र नियम ७८ (ग) अन्तर्गतको कानुनी व्यवस्था तथा सर्वोच्च अदालतको आदेशविपरित शैक्षिक सत्र २०८३ प्रारम्भ हुनु अगावै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गरेको पाइएपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एक्सन लिएको हो।

२० चैत २०८२ मा सर्वोच्चले विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धांकपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयले भर्नाको सूचना प्रकाशन नगर्न अन्तरिम आदेश दिएपछि मन्त्रालयले निजी विद्यालयहरुलाई सचेत गराएको हो। यस्तै, संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्क नलिने व्यवस्था मिलाउन र लिएको भए तत्काल सम्बन्धितलाई फिर्ता गराउने गरी कानुनी प्रक्रिया अगाडि बढाउन मन्त्रालयले सबै स्थानीय तहहरूलाई भनेको छ। तोकिएको समयभित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ लगायतका अन्य प्रचलित कानुन बमोजिम कारवाही गर्ने चेतावनी सरकारको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्री भएसँगै सरकारले शिक्षा क्षेत्रमा सुधार गर्ने भन्दै एकपछि अर्को निर्णय लिदै गएको हो। सोही बमोजिम सरकारले आगामी शैक्षिक सत्र १५ वैशाखबाट सुरु गर्ने निर्णयसमेत गरिसकेको छ। शैक्षिक सत्र सुरु हुनपूर्व विद्यार्थी भर्नाका गतिविधिसमेत नगर्न सरकारले निर्देशन दिइसकेको छ। वार्षिक बाँकी पृष्ठ ४

जब ट्राफिक प्रमुखले महिला अटोचालकलाई खादा लगाईदिए...

काँक्रेविहार संवाददाता

सुर्खेत, २४ चैत

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-५ की अटोचालक सुस्मिता विकको गर्वले छाती धक्क फुल्यो, आँखामा खुसीका आँशु टिलपिल भए। पाँच वर्षदेखि हरेक दिनको धपेडी, कहिलेकाहीँ यात्रुको दुर्व्यवहार, ट्राफिक र समितिको हैरानीबाट वाक्क बनेकी उनले जब काँधमा खादा पहिरिईन् त्यतिबेला लाग्यो मैले ठूलो जिम्मेवारी निभाइरहेकी रहेछु।

'हामीलाई यसरी सम्मान गर्नु भनेको हाम्रो लागि त गौरवको कुरा हो,' विकले भनिन्, ' हामी महिला अटोचालकलाई हेर्ने दृष्टिकोण नै नराम्रो छ, यस्तो बेला हामीलाई राम्रो काम गर्नुभएको छ भनेर सरले खादा लगाईँदिँदा त खुसीको सिमा नै छैन।' घरमा पुगेपछि परिवारलाई अटो चलाएका कारण आफूलाई सम्मान गरिएको भनेर गर्वका साथ सुनाउने उनले बताइन्।

कर्णालीमै पहिलोपटक जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले 'महिला अटो चालकहरुसँग ट्राफिक प्रहरी' कार्यक्रम गरेको छ। उक्त कार्यक्रममा कर्णाली प्रदेश राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरिक्षक मुकुन्दप्रसाद रिजालले महिला अटोचालकलाई सम्मानजनक काम गरेको भन्दै खादा लगाइदिएपछि महिलाहरुले खुसी व्यक्त गरेका हुन्।

उनीहरुले अब महिला अटोचालकलाई हेर्ने दृष्टिकोण पनि बदलिने भन्दै सम्मानित पेशा गरेकोमा गर्व महसुस गरेको बताए। 'तपाईंको पेशालाई हामी सम्मान गर्छौं,' एसपी रिजालले भने, 'यो कुनै देखावटी हिसाबले होईन कि अन्तरआत्मादेखि नै तपाईंहरुले घरधन्दा, बालबच्चाको रेखदेख सँगसँगै यो चुनौतीपुर्ण काम गरेर जुन संघर्ष गर्नुभएको छ त्यो संघर्षलाई प्रोत्साहन गर्दै यो खादाले सम्मान गरेका हौं।'



अटोचालकले निर्धक्क खोले मनका कुरा

एसपी रिजालले कार्यक्रमको सुरुवातमै महिला अटोचालकका मनका कुरा सुन्नका लागि जम्मा भएको बताए। 'कति ठूलो संघर्ष र विद्रोह गरेर तपाईंहरु घरबाट बाहिर निस्कनुभएको छ,' उनले महिलाहरुलाई सहज बनाउँदै भने, 'महिला र पुरुषलाई हेर्ने दृष्टिकोण कति फरक छ तर पनि तपाईंहरु कति संघर्ष गरेर यहाँ पुग्नुभएको छ,सहज त पक्कै छैन भन्ने हामीलाई थाहा छ त्यसैले केही पनि अफ्ठ्यारो नमानी आफ्ना समस्या पीडा के छन् हामीलाई भन्नुस्।' महिलालाई निर्धक्क मनका कुरा खोल्न भनेपछि अटो चलाउँदा आफूहरुले भोगेका समस्या कार्यक्रममा खुलेर भने।

सुरुमा बोल्दै वीरेन्द्रनगरकी सुस्मिता विकले टाढैबाट देख्दा पनि डर लाग्ने ट्राफिक प्रहरीसँग आज आमुनेसामुन्ने भएर मनका कुरा खोल्न पाउँदा खुसी लागेको बताइन्। उनले महिला भएकै कारण हामीलाई हेर्ने नजरै फरक भएको गुनासो गरिन्। यात्रुहरुले नम्बर मागेर लिने र बारम्बार फोन गरेर तनाव दिने गरेको बनाइन्। दुई जनालाई त गलत व्यवहार गरेका कारण प्रहरी कार्यालयसम्म नै पुऱ्याएर थुनाएको अनुभव पनि विकले सुनाइन्। कार्यक्रममा सहभागी महिलाहरुले यात्रुसँगै प्रहरीबाट पनि आफूहरुले सास्ती भोगेको बताएका थिए।

साढे ६ वर्षदेखि अटो चलाउँदै आएकी वीरेन्द्रनगर नगरपालिका-१३ इन्द्रपुरकी पुनम थापाले धुलियाविटभन्दा पुर्व जाँदा रुटपरमिट नहुँदा समस्या भइरहेको बताइन्। 'घर हाम्रो उतै हो, उता जाँदा तपाईंहरुको परमिट छैन जान पाउनुहुन्न भनेर रोक्दिनुहुन्छ, कागजपत्र भएपनि परमिट नहुँदा डराई डराई जानुपर्ने बाध्यता छ यसको पनि समाधान निकालिदिनुहोला।' अटो चालकहरुले प्रति महिना एक हजार रुपैयाँ समितिलाई पनि तिरिरहेको गुनासो गर्दै समितिले आफूहरुबाट अनावश्यक रकम लिने गरेकाले खारेज गर्न पनि आग्रह गरे। 'हामी समिति पाल्ने भनेर घाम-घाममा हिँडिरहेका छैनौं,' महिलाहरुले भने, 'हामी नगरपालिकालाई कर तिर्छौं, हामीलाई यो समितिसँग सरोकार छैन अब, समिति आफैले अटो किनिदिएको जस्तो व्यवहार गर्छन्।'

करिब ४० जना महिला अटोचालक सहभागी भएको कार्यक्रममा महिलाहरुले घरको जिम्मेवारी सँगसँगै व्यवसाय गर्दा पनि यात्रु, प्रहरी र समितिबाट सास्ती भोग्नुपर्दाको पीडा सुनाएका थिए। महिलाहरुको प्रश्न तथा गुनासो सुनिसकेपछि प्रदेश ट्राफिक प्रमुख एसपी रिजालले महिलाहरुको समस्या समाधानका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरे। प्रहरीबाट पनि सास्ती भोगिरहेको गुनासो महिलाहरुले गरेपछि उनले फिल्डमा खटिने प्रहरीहरुले महिला अटोचालकलाई गर्ने व्यवहार परिवर्तन गर्न निर्देशन दिए।

उनले महिलाहरुलाई प्रहरीबाट कुनै किसीमको बाँकी पृष्ठ ४

सरकारले घटायो इन्धन कर

काँक्रेविहार संवाददाता

काठमाडौं, २४ चैत

सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धिबाट जनतालाई पर्ने मार कम गर्न भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्दै संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले इन्धनको बढ्दो घाटा र संकट व्यवस्थापनका लागि सरकारले कर छुटदेखि खपत नियन्त्रणसम्मका महत्त्वपूर्ण कदम चालेको जानकारी दिइन्।

मन्त्री रावलले पछिल्लो समय इन्धन आयात गर्दा सरकारले ठूलो आर्थिक घाटा बेहोरिरहेको पनि बताइन्। हालको मूल्य संरचनामा इन्धन बिक्री गर्दा नेपाल आयल निगमलाई १५ दिनमै ११ अर्ब ७२ करोड रुपैयाँ घाटा भएको छ।

न्यूनतम खपत गर्दा पनि पछिल्लो १५ दिनमा मात्रै ३४ हजार किलोलिटर पेट्रोल, ८३ हजार किलोलिटर डिजेल, ८ सय ६५ किलोलिटर मट्टितेल, दुई हजार ६ सय १५ किलोलिटर आन्तरिक हवाई इन्धन, पाँच हजार ८९२ किलोलिटर वाह्य हवाई इन्धन र १५ लाख २२ हजार ४४४ सिलिन्डर एलपी ग्यास बिक्री भएको मन्त्री रावलले तथ्यांक प्रस्तुत गरिन्।

सरकारले पेट्रोलियम पदार्थ आयातमा लाग्दै आएको करमा ५० प्रतिशत कटौती गर्ने निर्णय गरेसँगै कुन इन्धनमा कति कर घट्छ भन्ने चासो बढेको छ। मन्त्रिपरिषद्को पछिल्लो निर्णय लागु भएपछि हाल पेट्रोल र डिजेलमा लाग्दै आएको प्रतिलिटर १० रुपैयाँ पूर्वाधार विकास कर आधा घटेर पाँच रुपैयाँमात्र कायम हुनेछ। पूर्वाधार करको गिरावटले मात्रै पनि प्रतिलिटर पाँच रुपैयाँ कर भार कम हुनेछ।

यस अतिरिक्त सरकारले भन्सार बिन्दुमै लाग्ने महसुल पनि आधा मिनाहा गरेको छ। विद्यमान व्यवस्था अनुसार पेट्रोलमा प्रतिलिटर २५ रुपैयाँ र डिजेलमा १२ रुपैयाँ भन्सार महसुल लाग्ने गरेको थियो। त्यसैगरी खाना पकाउने एलपी ग्यास आयात गर्दा प्रतिसिलिन्डर ९० रुपैयाँ कर लाग्दै आएको थियो। सरकारको नयाँ निर्णयसँगै यी सबै कर ५० प्रतिशतले घट्नेछन्।

कुन इन्धनमा कति कर भार कम ?

नयाँ व्यवस्था कार्यान्वयनमा आएपछि पेट्रोलमा लाग्ने कुल करमा १७ रुपैयाँले कमी आउने छ (भन्सारको १२ रुपैयाँ र पूर्वाधारको पाँच रुपैयाँ)। त्यस्तै डिजेलमा भन्सारतर्फ ६ रुपैयाँ र पूर्वाधारतर्फ पाँच रुपैयाँ गरी जम्मा ११ रुपैयाँ कर भार घट्ने छ। उता, ग्यासमा लाग्ने ९० रुपैयाँको आयात शुल्क घटेर ४५ रुपैयाँमा सीमित हुनेछ। यद्यपि, यो निर्णय तत्कालै लागु भने भइसकेको छैन। निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार मन्त्रिपरिषद् निर्णय राजपत्रमा प्रकाशित भई कार्यान्वयनका लागि निर्देशन आएपछि मात्र कुन शीर्षकमा कति कर घटेको हो भन्ने यकिन हुनेछ।

'सरकारले कर छुट दिने निर्णय गरेको हामीले पनि समाचारबाटै थाहा पाएका हौं, तर कुन-कुन वस्तुमा छुट दिइएको हो र कहिलेदेखि लागु हुने भन्नेबारे आधिकारिक जानकारी आइसकेको छैन,' प्रवक्ता ठाकुरले भने। करको दरमा भारी कटौती गरिए पनि आम उपभोक्ताले खरिद गर्ने पेट्रोलको मूल्य तत्काल सस्तो हुने सम्भावना भने न्यून छ। निगमका अनुसार विश्व बजारको मूल्यका कारण हाल निगमलाई प्रतिलिटर पेट्रोलमा ३४ रुपैयाँ र डिजेलमा १२० रुपैयाँ नोक्सानी छ।


सरकारले दिएको कर छुटपछि पनि निगमलाई पेट्रोलमा लिटरमै १७ रुपैयाँ र डिजेलमा १०९ रुपैयाँ घाटा नै रहने तथ्यांकले देखाउँछ। ग्यासमा पनि प्रतिसिलिन्डर ४१६ रुपैयाँको नोक्सानी रहेकाले कर घटेकै भरमा निगम नाफामा जाने अवस्था छैन। घाटामा रहेको निगमलाई कर कटौतीले केही राहत मिले पनि मूल्य समायोजन गरेर उपभोक्तालाई राहत दिन सक्ने अवस्था नरहेको निगमका एक अधिकारीले बताए।

सरकारले भन्सार शुल्क र पूर्वाधार करमा ५० प्रतिशत छुट दिँदा निगमलाई करिब एक अर्ब ४९ करोड रुपैयाँ राहत पुग्ने छ। तर, पनि १० अर्ब २३ करोडभन्दा बढी घाटा कायमै रहन्छ। निगमले अत्यधिक घाटा हुँदाहुँदै पेट्रोलियम पदार्थ आपूर्ति भने सहज राखेको जनाएको छ।

निगम प्रवक्ता ठाकुरले पेट्रोलियम पदार्थ आपूर्ति व्यवस्थामा कुनै समस्या नभएको बताए। उनले भने, 'अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यवृद्धिले सिर्जना गरेको संकट टार्न कर समायोजनले आपूर्ति व्यवस्था सहज बनाउन मद्दत पुग्ने तर पूर्ण समाधानका लागि खपत घटाउने र मितव्ययिता अपनाउनु नै मुख्य विकल्प रहेको छ।'

आयो ठप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्दै बिन्ति गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ।।

हार्दिक श्रद्धाञ्जली



जन्म :
२००८ जेठ ०६

मृत्यु :
२०८२ चैत १३

स्व. घनश्याम गिरी

वी.न.न.पा.का पूर्व मेयर मुकुन्दश्याम गिरीको दाजु, छोरा सरोज/मनोज गिरी, छोरी उषा/प्रभा गिरीको पूजनीय पिता, दशनामी समाजका केन्द्रीय संस्थापक सल्लाहकार तथा पूर्व राष्ट्रिय पञ्चायत सदस्य **स्व. घनश्याम गिरी**को मिति २०८२/१२/१३ गतेका दिन ७४ वर्षको उमेरमा भएको दुःखद निधनले हामी स्तब्ध भएका छौं । यस दुःखद घडिमा पुण्य आत्माको चीर शान्तिको कामना एवं उहाँको १३ औं दिनको पुण्य तिथीमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनी गहिरो समवेदना प्रकट गर्दछौं ।

तिर्थराज पुरी
अध्यक्ष
दशनामी समाज, जिल्ला कार्य समिति, सुर्खेत

सम्पादकीय

अनुदान कार्यक्रममा पारदर्शिताको परीक्षा

कर्णाली प्रदेश सरकारले समपूरक र विशेष अनुदानअन्तर्गत पुनः प्रस्ताव आह्वान गर्नु आफैंमा एउटा सकारात्मक संकेत हो । तर यसले के अनुदान वितरण प्रक्रिया साँच्चै पारदर्शी र प्रभावकारी बन्छ त ? भनेर सँगसँगै एउटा गम्भीर प्रश्न पनि उठाएको छ । कर्णाली प्रदेश सरकारले स्थानीय तहहरूलाई दुई प्रकारका अनुदान दिन प्रस्ताव माग गरेको हो । स्थानीय तहबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमका लागि समपूरक र विशेष अनुदान अन्तर्गत पुनः प्रस्ताव आह्वान गरेको छ । प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रकाशन गरेको सूचनाअनुसार आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्ताव पेस गर्न आग्रह गरिएको छ । यसअघि माग गरिएका प्रस्ताव समयमै नपुगेका तथा आवश्यक मापदण्ड पूरा नगरेका कारण पुनः प्रस्ताव आह्वान गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार कर्णाली प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन सहित), २०७९ बमोजिम स्थानीय तहहरूले आयोजना प्रस्ताव तयार गरी पठाउनुपर्नेछ । इच्छुक स्थानीय तहहरूले आवश्यक कागजातसहित चैत २८ भित्र प्रस्ताव पेस गर्नुपर्ने उल्लेख छ । प्रदेश सरकारले कर्णालीका १० जिल्लाका ७९ वटै स्थानीय तहमा कार्यान्वयन हुने १५७ वटा योजनाहरूको प्रस्ताव पेश गर्न अनुरोध गरेको हो ।

यसअघि माग गरिएका प्रस्तावहरू समयमै नआउनु वा आवश्यक मापदण्ड पूरा नगर्नु सामान्य प्रशासनिक कमजोरी मात्र होइन । यो प्रणालीगत समस्याको संकेत पनि हो । स्थानीय तहहरूले बारम्बार प्रक्रिया नबुझ्ने, कागजात अपुग हुने वा समयसीमा पालना गर्न नसक्ने अवस्था छ भने यसको जिम्मेवारी केवल स्थानीय तहमा सीमित हुँदैन । प्रदेश सरकारको मार्गदर्शन, क्षमता अभिवृद्धि र प्राविधिक सहयोग पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । अनुदान कार्यक्रमहरू विशेषगरी कर्णाली जस्तो दुर्गम र स्रोत-सिमित प्रदेशका लागि–विकासको मेरुदण्ड मानिन्छन् । समपूरक अनुदानले साझेदारीमा आयोजना सञ्चालन गर्ने अवसर दिन्छ भने विशेष अनुदानले लक्षित वर्ग, क्षेत्र र आवश्यकता अनुसार हस्तक्षेप गर्न मद्दत पुऱ्याउँछ । तर यस्ता अनुदानको प्रभावकारिता कागजमा होइन, कार्यान्वयनमा मापन हुन्छ । यहींनेर पारदर्शिताको प्रश्न अझ गम्भीर बनेको छ । जो प्रस्ताव छनोट कसरी भइरहेको बन्ने कुरा हो । कुन मापदण्डलाई कति महत्व दिइएको छ ? निर्णय प्रक्रिया कति खुला र जवाफदेही छ ? यी प्रश्नहरूको स्पष्ट जवाफ नआउँदासम्म अनुदान कार्यक्रमप्रति शंका रहिरहन्छ । अझ विगतमा पेश गरिएका प्रस्तावहरू 'अपुग' भन्दै पुनः आह्वान गरिनु, तर त्यसका ठोस कारण सार्वजनिक नगरिनु, पारदर्शितामाथि प्रश्न उठाउने आधार हो ।

अर्कोतर्फ, अनुदान वितरणमा राजनीतिक प्रभाव, पहुँच र शक्ति सन्तुलनले असर पार्ने जोखिम सधैं रहन्छ । यदि अनुदान वास्तविक आवश्यकता र प्राथमिकताका आधारमा नभई सम्बन्ध, प्रभाव वा दबाबका आधारमा वितरण हुन थाल्यो भने यसले असमानता झन् गहिरो बनाउँछ । कर्णालीजस्तो क्षेत्र, जहाँ विकासका सूचकहरू अझै पछाडि छन्, त्यहाँ यस्तो प्रवृत्ति झन् घातक हुन सक्छ । यस सन्दर्भमा प्रदेश सरकारले केही आधारभूत कदम चाल्नैपर्छ । पहिलो, प्रस्ताव मूल्यांकनका मापदण्ड र स्कोरिङ प्रणाली सार्वजनिक गर्नुपर्छ । दोस्रो, स्वीकृत र अस्वीकृत प्रस्तावहरूको विस्तृत विवरण खुला गर्नुपर्छ । तेस्रो, स्थानीय तहका लागि प्राविधिक सहयोग र तालिमको व्यवस्था गरिनुपर्छ ताकि प्रस्तावहरू गुणस्तरीय र मापदण्डअनुसार तयार होऊन् । चौथो, अनुगमन र मूल्यांकन प्रणालीलाई बलियो बनाउँदै नागरिक सहभागिता सुनिश्चित गर्नुपर्छ । किनकी अनुदान केवल रकम वितरण गर्ने माध्यम मात्रै होइन । यो एउटा राज्यको प्राथमिकता, नीतिगत प्रतिबद्धता र विकासप्रतिको दृष्टिकोणको प्रतिबिम्ब पनि हो । त्यसैले पारदर्शिता, जवाफदेहिता र समानताका आधारमा अनुदान व्यवस्थापन हुन सके मात्र कर्णालीको समृद्धि सम्भव छ । अन्यथा, राम्रो उद्देश्यका कार्यक्रमहरू पनि अविश्वास र असन्तुलनको चक्रमा फस्ने खतरा रहिरहन्छ ।

वर्तमानबाट देखिने रास्वपाको भविष्य



भूमिनन्द बराल

नेपालको राजनीतिक इतिहास र सत्ताको संरचनालाई गहिरोसँग नियाल्दा एउटा अकाट्य तथ्य बारम्बार उजागर हुन्छ । यहाँ सरकार र व्यवस्थाहरू फेरिन्छन्, तर सत्ता सञ्चालन गर्ने अन्तर्निहित प्रणाली र मनोवृत्तिमा तात्त्विक रूपान्तरण आएको देखिँदैन ।

०१५ सालको पहिलो जननिर्वाचित सरकारदेखि ०८० को दशकसम्मका राजनीतिक उतारचढावलाई मसिनोसँग केलाउँदा, राजनैतिक नेतृत्वको व्यक्तिगत अहङ्कार, वैदेशिक भू-राजनीतिक प्रभाव र कर्मचारीतन्त्रको जटिल सेटिङले कसरी जनमतको अपहरण र अपमान हुने गरेको छ भन्ने प्रस्ट हुन्छ ।

ऐतिहासिक रूपमा नेपालका राजनीतिक आन्दोलनहरूले व्यवस्था परिवर्तनमा सफलता हासिल गरे पनि राज्ययन्त्र सञ्चालन गर्ने स्थायी सरकार अर्थात् कर्मचारीतन्त्रको चरित्र परिवर्तन गर्न सकेनन् । राणाकालीन हुकुमी शैलीबाट प्रशिक्षित भएको र पछि पञ्चायती संरचनामा हुर्किएको यो संयन्त्र, बहुदलीय प्रजातन्त्र र गणतन्त्रसम्म आइपुग्दा राजनीतिज्ञ र बिचौलियाहरूको एजेन्टमा रूपान्तरित हुन पुग्यो ।

पूर्वकर्मचारीहरू, जसले राज्यको नीति निर्माणका छिद्रहरू राम्रोसँग बुझेका हुन्छन्, अवकाशपछि तिनै छिद्रहरूको प्रयोग गरी नीतिगत भ्रष्टाचारको तानाबाना बुन्ने मुख्य सूत्रधार बन्दै आएका छन् । प्रचण्ड र केपी शर्मा ओलीको नेतृत्वमा रहेका पछिल्ला सरकारहरूमा देखिएको अराजकता र संस्थागत क्षय यसैको चरमोत्कर्ष थियो ।

यस परिप्रेक्ष्यमा, २०८२ सालको आमनिर्वाचनबाट अभूतपूर्व जनमत प्राप्त गरी उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र त्यसको नेतृत्व गर्ने बालेन्द्र शाहका अगाडि विद्यमान कानुनी अड्चन, ७१ भन्दा बढी पुराना ऐनहरू र २२ वटै मन्त्रालयका नीतिहरूमा आमूल सुधार गर्नुपर्ने ऐतिहासिक चुनौती खडा भएको छ ।

प्रस्तुत आलेखमा विगतका ऐतिहासिक तथ्यहरू, कर्मचारीतन्त्रको कार्यशैली, ०८२ सालको जेनजी आन्दोलनको प्रभाव र आगामी सरकारका लागि आवश्यक पर्ने नीतिगत तथा कानुनी सुधारका विषयलाई समेट्ने प्रयास गरिएको छ ।

प्रशासनिक संरचनाको जग

नेपालको वर्तमान कर्मचारीतन्त्रको मनोविज्ञान र कार्यशैली बुझ्न सन् १९५२ (२००९ साल) को एनएम बुच कमिसनको पृष्ठभूमि अध्ययन गर्नु अपरिहार्य छ । १०४ वर्षे राणा शासनको अन्त्यपछि नेपालको प्रशासनिक संयन्त्रलाई आधुनिकीकरण गर्ने उद्देश्यले तत्कालीन राजा त्रिभुवन र मातृकाप्रसाद कोइरालाको सरकारले भारत सरकारसमक्ष विशेषज्ञ टोलीको माग गरेको थियो ।

भारतीय सिभिल सर्भिसका वरिष्ठ अधिकारी एनएम बुचको नेतृत्वमा आएको टोलीले नेपालको प्रशासन संयन्त्रको अध्ययन गरी १४३ वटा विभिन्न सिफारिसहरू प्रस्तुत गरेको थियो । बुच कमिसनले मन्त्रालयहरूको सङ्ख्या १७ बाट घटाएर ११ बनाउने, मुख्यसचिवको पद सिर्जना गर्ने, हाजिरी गोश्वाराजस्ता पुराना अड्डाहरू खारेज गर्ने र लोकसेवा आयोगलाई प्रभावकारी बनाउने जस्ता संरचनागत सुधारका खाकाहरू कोरेको थियो ।

यद्यपि, यो संरचना बेलायती औपनिवेशिक मानसिकता र राणाकालीन हुकुमी शैलीको सम्मिश्रणबाट बनेको कर्मचारी प्रणाली हुनाले यसमा जनताको सेवा गर्नेभन्दा पनि शासन गर्ने र फाइल अड्काएर शक्ति अभ्यास गर्ने प्रवृत्ति हावी भयो । तत्कालीन समयमा समावेशी र प्रतिनिधिमूलक कर्मचारीतन्त्रको परिकल्पना नगरिनुले निश्चित वर्ग र सम्भ्रान्तहरूको मात्र राज्यसत्तामा पहुँच स्थापित भयो । यही केन्द्रीकृत र नियन्त्रणमुखी प्रशासनिक जग नै कालान्तरमा नेपालको विकास र डेलिभरी संयन्त्रको मुख्य बाधक बन्न पुग्यो ।

०१५ को जनमत र ०१७ को 'कू'

नेपालको संसदीय इतिहासमा ०१५ सालको आमनिर्वाचन एक युगान्तकारी घटना थियो । लामो सङ्क्रमणकाललाई चिर्दै नेपाली कांग्रेसले प्रतिनिधिसभाका १०९ सिटमध्ये ७४ सिटमा विजय हासिल गरी दुई तिहाइ बहुमत प्राप्त गरेको थियो । बीपी कोइरालाको नेतृत्वमा गठित सरकारले नेपाललाई आधुनिकीकरणको बाटोमा डोऱ्याउने महत्त्वाकाङ्क्षी योजनाहरू अघि सारे ।

यद्यपि, १८ महिनाको छोटो अन्तरालमै ०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले जननिर्वाचित सरकारलाई बर्खास्त गरी शासनसत्ता आफ्नो हातमा लिए । बीपी कोइराला नेतृत्वको सरकार पतन हुनुको पछाडि आन्तरिक स्वार्थसमूहहरूको ठूलो भूमिका थियो । बीपी कोइरालाको सरकारले ल्याएको बिर्ता उन्मूलन र भूमिसुधार कार्यक्रमले तत्कालीन समयमा सेना, दरबार र प्रशासनमा पकड राख्ने जमिनदार तथा कुलीन वर्ग (भारदारहरू) को आर्थिक स्वार्थमा गम्भीर धक्का पुऱ्याएको थियो ।

सेनाको नेतृत्वमा रहेका पुराना भारदार र सम्भ्रान्त वर्गले आफ्नो गुम्दै गएको विशेषाधिकार जोगाउन राजा महेन्द्रसँग मिलेर जननिर्वाचित सरकारलाई असफल बनाउने षड्यन्त्र रचेका थिए । उनीहरूले राजा र प्रधानमन्त्रीबीचको शक्तिसङ्घर्षलाई मलजल गर्दै लोकतान्त्रिक प्रक्रियालाई बलात् मिच्ने काम गरे ।

दोस्रो प्रमुख कारण राजा महेन्द्र र बीपी कोइरालाबीचको शक्ति सन्तुलन र अहंको टकराव थियो । राजा महेन्द्र आफूलाई सक्रिय र शक्तिशाली राष्ट्रप्रमुखका रूपमा स्थापित गर्न चाहन्थे भने बीपी कोइराला संसदीय सर्वोच्चता र संवैधानिक राजतन्त्रमा दृढ विश्वास गर्थे । बीपी कोइरालाको बढ्दो अन्तर्राष्ट्रिय लोकप्रियता, बौद्धिक उचाइ र पार्टीको दुई तिहाइ बहुमतलाई राजा महेन्द्रले आफ्नो अस्तित्व र शाही सत्ताका लागि खतराका रूपमा महसुस गरे ।

एकातर्फ यस्तो चल्दै थियो भने अर्कोतर्फ तत्कालीन समयको भू-राजनैतिक अवस्था पनि अत्यन्तै जटिल थियो । हाम्रो उत्तरी सीमामा भारतीय सेनाका १८ वटा चेकपोस्टहरू थिए । ०१५ सालमा सरकारले यी चेकपोस्टहरू हटाउन चाहे पनि १९५० को शान्ति तथा मैत्री सन्धि र त्यसपछिका पत्राचारहरूले भारतलाई नेपालको सुरक्षा मामिलामा विशेष हैसियत दिएका कारण यो तत्काल सम्भव थिएन । भारतले नेपालको उत्तरी सीमालाई आफ्नो सुरक्षा छाताको पहिलो चेकप्वाइन्टका रूपमा हेर्ने गर्थ्यो ।

यसै सन्दर्भमा जुन २८, १९६० मा मुस्ताङको कोरे पासनजिकै गम्भीर घटना भयो । चिनियाँ जनमुक्ति सेनाले नेपाली सीमाभित्र गस्ती गरिरहेका निहत्था नेपाली प्रहरी सुबेदार बमप्रसादलाई गोली हानी मारे र करिब १५ जनालाई बन्दी बनाए । यस घटनाले नेपालको सार्वभौमिकता र राज्य संयन्त्रभित्र ठूलो खैलाबैला मच्चायो । बीपी कोइरालाले यसको कडा विरोध गर्दै चिनियाँ प्रधानमन्त्री चाउ एन-लाईसँग स्पष्टीकरण, माफी र क्षतिपूर्तिको माग गरे । कूटनीतिक संवाद र दबाबपछि चीनले नेपाली प्रहरीलाई तिब्बती विद्रोही ठानेर गल्तीले गोली चलेको स्वीकार गर्दै माफी माग्यो र ५० हजार रुपैयाँ क्षतिपूर्तिसमेत उपलब्ध गरायो ।

यद्यपि, यही भू-राजनीतिक अस्थिरता र राष्ट्रिय सुरक्षाको संवेदनशीलतालाई हतियार बनाउँदै राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अकर्मण्य र राष्ट्रियता रक्षा गर्न नसकेको आरोप लगाएर सत्ता हातमा लिएका थिए । यो घटनाले राज्य संयन्त्रभित्र वैदेशिक नीति र आन्तरिक राजनीतिको अन्तरघुलन कति खतरनाक हुन्छ भन्ने पुष्टि गर्छ ।

महेन्द्र, वीरेन्द्र र ०३६ को जनमतसंग्रह

०१७ सालपछि राजा महेन्द्रले पञ्चायती व्यवस्थाको नाममा प्रत्यक्ष शासन सुरु गरे । उनले चिनियाँ कार्डको प्रयोग गरेर भारतको एकलौटी प्रभावलाई चुनौती दिने रणनीति अपनाए । कोदारी राजमार्ग निर्माण गरेर चीनसँगको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएर भारतलाई झस्काइदिए । महेन्द्रले नेपाललाई पूर्ण रूपमा स्वतन्त्र र तटस्थ शक्ति बनाउन खोज्नु र भारतले नेपाललाई सधैं आफ्नो सुरक्षा घेराभित्र राख्न खोज्नुबीच निरन्तर द्वन्द्व चलिरह्यो ।

०२८ सालमा चितवनको भरतपुरमा ५१ वर्षको अल्पायुमै राजा महेन्द्रको निधन भयो । आधिकारिक रूपमा उनको मृत्यु हृदयाघातबाट भएको भनियो । उनको निधनसँगै नेपालको वैदेशिक नीतिमा रहेको रणनीतिक सन्तुलन बिस्तारै खलबलिन पुग्यो । राजा महेन्द्रको उत्तराधिकारीका रूपमा आएका राजा वीरेन्द्रले ०३१ साल फागुनमा आफ्नो राज्याभिषेकको अवसरमा नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव विश्व समुदायसमक्ष राखे ।

यसको अन्तर्य नेपाललाई स्विट्जरल्यान्डजस्तै तटस्थ राष्ट्र बनाउनु र कुनै पनि क्षेत्रीय वा विश्वव्यापी सैन्य गठबन्धनबाट मुक्त राख्नु थियो । ११६ भन्दा बढी राष्ट्रले यसलाई समर्थन गरे तापनि भारतले यसलाई स्वीकार गरेन । किनभने यसले सन् १९५० को सन्धिको सुरक्षा प्रावधानलाई खारेज गर्ने र भारतको प्रभावलाई कमजोर बनाउने विश्लेषण नयाँदिल्लीको रह्यो ।

०३६ सालमा पाकिस्तानमा जुल्फिकर अली भुट्टोलाई फाँसी दिइएको विरोधमा सुरु भएको विद्यार्थी आन्दोलनले नेपालमा राजतन्त्रविरोधी र पञ्चायतविरोधी उग्र स्वरूप लियो । आन्दोलनले यस्तो उग्र रूप लियो कि राजा वीरेन्द्र अप्रत्याशित रूपमा जनमतसङ्ग्रहको घोषणा गर्न बाध्य भए । जनमतसङ्ग्रहमा सुधारिएको पञ्चायतले ५४ प्रतिशत मत ल्याएर विजय हासिल गरे पनि यसले निर्दलीय व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको आधार तयार पारिसकेको थियो ।

०४६ को जनआन्दोलन र राजनीतिक अस्थिरता

०४६ सालको जनआन्दोलनले ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातन्त्रको पुनःस्थापना गऱ्यो । ०४७ सालको संविधानले सार्वभौमसत्ता पहिलोपटक नेपाली जनतामा निहित गऱ्यो र बहुदलीय संसदीय व्यवस्थालाई संस्थागत गऱ्यो । यद्यपि, यो संविधानमा राजाको विशेषाधिकार र नेपाली सेनामाथि उनको पकडलाई स्पष्ट रूपमा हटाइएको थिएन । यसै कारण दरबार र राजनीतिक दलहरूबीच टकराव हुनु स्वाभाविक थियो ।

०४८ सालको आमनिर्वाचनमा नेपाली कांग्रेसले बहुमत प्राप्त गरेपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । तर, सरकार प्रतिपक्षीको कारणले भन्दा पनि पार्टीभित्रको आन्तरिक कलहले असफलताउन्मुख थियो । कांग्रेसभित्र प्रधानमन्त्री कोइराला पक्षका ७४ सांसद र असन्तुष्ट समूहका ३६ सांसदबीचको शक्तिसङ्घर्षले पार्टीभित्र चरम रूप लियो ।

आफ्नै पार्टीका ३६ सांसदले सरकारको नीति तथा कार्यक्रममा असहयोग गर्दै संसद्मा भोट हाल्न अस्वीकार गरेपछि, ०५१ सालमा गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गरे । यो निर्णय नेपालको लोकतान्त्रिक इतिहासमा अदूरदर्शी कदम साबित भयो । यसले देशलाई लामो राजनीतिक अस्थिरता, त्रिशङ्कु संसद् र गठबन्धनको विकृत खेलमा धकेल्यो । यहींबाट नेपालको राजनीतिमा बिचौलिया वर्गको निर्माण भयो ।

०५२ सालमा ४० बुँदे माग राखेर सुरु भएको माओवादी जनयुद्धले आगामी १० वर्षमा देशको सम्पूर्ण पुरानो सामाजिक, राजनीतिक शक्ति सन्तुलनलाई भत्काइदियो । यसो हुनुका मुख्य तीनवटा कारण थिए । पहिलो, राजनीतिक भ्रष्टाचार र अस्थिरता । दोस्रो, विद्यमान सामाजिक विभेद । तेस्रो, प्रशासनिक असफलता ।

त्यसपछि आइपुग्यो अप्रत्याशित २०५८ जेठ १९ । दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको सपरिवार हत्या भयो । यसले नेपालको आन्तरिक राजनीतिक सन्तुलनको मियो नै भाँचिदियो । त्यसपछि सत्तामा आएका राजा ज्ञानेन्द्रले ०६१ सालमा प्रत्यक्ष शासन सुरु गर्दै दलीय पूर्वाधार भत्काउने र नेताहरूलाई अपमानित गर्ने राजनीतिको बीजारोपण गरे । भलै उनको प्रत्यक्ष शासनकाल धेरै समय टिक्न सकेन ।

नारीको सम्मान बिना समृद्ध समाज सम्भव छैन



यमुना थापा

सन् १९११ देखि विश्वभरिका महिलाहरूले ग्रेगोरियन पात्रोको "मार्च ८" लाई अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसका रूपमा मनाउँदै आएका छन् । यो दिन महिलाको अधिकार, समानता, सम्मान र उनीहरूले समाजमा पुऱ्याएको योगदानलाई सम्झने दिन हो । इतिहास हेर्दा महिलाहरूले आफ्नो अधिकार र समानताको लागि धेरै संघर्ष गरेका छन् । आजको दिन उनीहरूको त्यही संघर्ष र उपलब्धिलाई सम्मान गर्ने अवसर हो ।

यो वर्षको अन्तर्राष्ट्रिय महिला दिवस विशेष रहेको छ । किनकि यतिबेला देशको शीर्ष स्थान प्रधानमन्त्रीको ऐतिहासिक रूपमा एक महिलाले शासन सञ्चालन गर्दै हुनुहुन्छ । जसले धेरै महिलाहरूमा उत्साह पनि भरेको छ । तर हामी हरेक वर्ष मार्च महिनाभरि महिलाका मुद्दालाई शीर्ष स्थानमा राखेर गोष्ठी, सभासम्मेलनलगायत अनेकौं कार्यक्रम गर्छौं, बन्द कोठाभित्र महिलाका मुद्दालाई जोडदार रूपमा छलफल गर्छौं र त्यहीं छोडेर हिँड्छौं । तर अब यस्तो शृंखला तोडिनु पर्छ । मार्च महिना केवल महिलाका मुद्दाका लागि मात्र भनेर चिनिनु हुँदैन । महिलाका उपलब्धि, उनीहरूले हासिल गरेका सफलता र उनीहरूले बहादुरीका साथ सामना गरेका चुनौतीका बारेमा पनि चर्चा हुनुपर्छ ।

कृषिमा आधारित समाज व्यवस्थामा हिजो घरका चुलोचौकामा सीमित रहेका महिलाहरू आज घरबाहिर निस्केर आफ्नो निम्ति लड्न सक्ने र देशलाई हाँक्न सक्ने स्थानमा पुगेका छन् । सात समुद्रपारी पुगेर आफ्नो घरपरिवारलाई सम्हाल्न सक्ने दक्षता समेत बोकेका छन् । यसरी दिनप्रतिदिन समाजको विकास, शिक्षाको पहुँचसँगै महिलाले बिना पूर्वाग्रह पाएका यी अवसर आधा जनसंख्याको हिस्सा ओगटेर पनि अवसरबाट वञ्चित भयौं भन्ने सबैका लागि उदाहरण र प्रेरणाको स्रोत पनि हो ।

तर फेरि केही महिलाहरू घरबाट बाहिर निस्किए भन्दैमा देश समृद्ध भयो अथवा महिलाका दुःख सकिए भन्ने पक्कै होइन । आज पनि अधिकांश महिलाहरूलाई घरबाट बाहिर निस्कन कैयौं लडाइँ लड्नु पर्छ । कैयौंका आँखा छल्नु पर्छ । कैयौं वचनहरूले मर्माहत हुनु पर्छ । समाज जति नै बदलिए पनि महिलाको निम्ति समाज अझै बदलिन सकेको छैन । अझ भनौं बदलिन नै चाहँदैन ।

आज पनि हाम्रो समाज छोरीलाई शिक्षित बनाएर स्वावलम्बी बनाउनु भन्दा "छोरीलाई केवल जिम्मेवारी मात्र मानेर कन्यादान गरी पतिको घर पठाएपछि ढुक्क हुन्छ" भन्ने मान्यतालाई अँगालेर बसेको छ भने अर्कोतिर राज्य छोरीहरूका निम्ति उदार हुँदै छ कि जस्तो लाग्छ । केही वर्षअघि मात्र छोरीको आगामी शिक्षाको निम्ति भनेर कर्णाली प्रदेशले "छोरी बचत खाता खोल्ने अभियान" सुरु गरेको थियो । जुन अहिले कर्णाली प्रदेशका हरेक जिल्लामा लागू भएको छ । यसरी राज्यले छोरीलाई पढाउनका निम्ति त्यहाँका अभिभावकलाई अभिप्रेरित गरेको छ । जुन राज्यको सकारात्मक पक्ष हो । र यो सानो उदाहरणबाट छोरीहरूको स्थिति आज पनि हाम्रो समाजमा कुन अवस्थामा छ भनेर थाहा हुन्छ ।

अर्को कुरा, आधाभन्दा बढी महिला जनसङ्ख्या भएको हाम्रो देशमा भर्खरै सकिएको प्रतिनिधि सभाको टिकटका लागि महिलाहरू सीमित संख्यामा खुम्चिनु परेको थियो । जब कि यही देशको शीर्ष स्थानको नेतृत्व महिला प्रधानमन्त्रीले गरिरहनु भएको छ । निर्वाचनको मतदान गर्ने क्रममा पुरुषभन्दा महिलाको संख्या बढी भएको देशमा मतदान गर्ने संख्यामा महिलाभन्दा पुरुषको संख्या बढी रहन गएको थियो । यसरी पनि थाहा हुन्छ कि हाम्रो राज्य महिलाका हकअधिकारका निम्ति कति गैरजिम्मेवार छ भनेर, जुन हामीजस्ता हरेक विकासको गति पछ्याइरहेको मुलुकका महिलाको हालको अवस्था पनि हो ।

सीमोन द बोभ्वार भन्छिन्: "यदि इतिहासमा धेरै कम स्त्रीहरू प्रतिभाशाली भएका छन् भने, यसको कारण उनीहरू स्त्री हुनु होइन, बरु यो समाज हो, जसले स्त्रीका सारा अभिव्यक्तिलाई नियन्त्रण गरिरहन्छ, उनीहरूलाई प्रत्येक सुविधाबाट वञ्चित राख्दछ । बुद्धिमान स्त्रीको पनि सार्वजनिक हितहरूको लागि आहुति दिइदिइन्छ । यदि उनीहरूलाई विकासको पूरा अवसर मिल्यो भने, यस्तो कुनै काम छैन जुन उनीहरू गर्न नसकून् ।" युरोपेली समाजको तत्कालीन स्थितिको प्रतिक्रियामा उनको यो भनाइका कतिपय सन्दर्भ हाम्रो समाजमा पनि मिल्न जान्छ । आज पनि यहाँ धेरै छोरीहरू पितृसत्ताको शिकार हुन पुगेका छन् । उनीहरूका निम्ति कुनै आकाश नै नभएजस्तो छ र यदि उनीहरूलाई कसैले आकाश दिन्छ भने पनि पखेटा काटेर उनीहरूलाई उडान भर्ने आदेश दिइन्छ । यो दोहोरो चरित्र बोक्ने समाजको एउटा स्वरूप हो ।

म चकित त तब हुन्छु जब देश र समाज परिवर्तन हुनुपर्छ भन्नेहरूले, देश र समाज परिवर्तन भएको देख्न चाहनेहरूले महिलाको जीवनमा परिवर्तन भएको कत्ति पनि देख्न सक्दैनन् । महिलाले शीर्ष स्थानमा रहेर देशको नेतृत्व सम्हालेको कुरालाई स्वीकार गर्न सक्दैनन् ।

आज विश्व समाजले कैयौं हदसम्म कोल्टो फेरिरहँदा हाम्रा लडाइँहरू सानै विषयमा केन्द्रित छन्: त्यही चुलोचौको, त्यही छाउपडी, त्यही लैङ्गिक हिंसा आदि । समान शिक्षा, तालिम, व्यक्तित्व विकास र समान सहभागिताका बारेमा सामाजिक संरचनाले अलिक अगाडि गएर सोच्न किन चाहिरहेको छैन, अझ भनौं किन हिम्मत गरिरहेको छैन?

आज पनि हामीजस्ता युवा महिलाहरूका लागि अनेकौं चुनौतीहरू यो समाजले खडा गरेर बसेको छ । घरबाट बाहिर निस्कँदा होस् वा काम गरेर कार्यालयबाट निस्कँदा होस्, यो समाजका अवाञ्छित नजरहरू परिरहेकै हुन्छन् । निर्मला पन्त लगायत दर्जनौं संगीन अपराधका मुद्दाहरू अझै सुल्झिएका छैनन् र पीडितहरूडराउनुपर्नेतथापीडकहरू निर्धक्क र स्वतन्त्र हिँडिरहेको देख्दा हरेक महिलालाई त्रसित पारिरहेको हुन्छ । यहाँ ओठ खुलेर हाँस्ने वातावरण नभएको महसुस हुन्छ । खुलेर आफ्ना कुरा राख्ने ठाउँ भेट्न कठिन भइरहेको हुन्छ । फेरि पनि भन्छन् "महिला दिवस तिम्रो हो" भनेर । वर्षको एक दिन दिएर सम्पूर्णता दियौं भनेर गर्व गर्ने यो समाज अनि यो राज्य प्रणाली बहुसंख्यक महिलाका लागि कठोर र विभेदपूर्ण छ ।

त्यसैले अब हामी प्रत्येक महिलाले यो बुझ्नुपर्छ कि हाम्रो लडाइँ हामीमा मात्र सीमित छैन । यो लडाइँ ती छोरीहरूका लागि पनि हो, जो जन्मिन नै बाँकी छन् । जसले भोलिका दिनमा हामीप्रति गर्व गर्नेछन् । हामीले आजका दिनमा यस्तो वातावरण तयार गर्नुपर्नेछ जसमा उभिँदा हाम्रा छोरीहरूले सुखको स्वास फेर्न सकून् । यो विभेदकारी सोच बोकेको समाजको भयबाट मुक्त हुन सकून् ।

हालसालै संसारमा चर्चामा रहेको एप्सटिन फाइल र त्यसले सतहमा ल्याएको खासगरी धनाढ्य र उच्च शासक वर्गबाट कलिला नाबालिकाहरूको चरम शोषणको लामो शृंखलाबारे चर्चा चलेसँगै तिनका रोदन र रगतका छिटाहरूका संवेदनाबाट हामीले वर्तमानमा महिला हक-अधिकारका विषयमा गर्ने बहसका पाटो पनि केही फरक र फराकिलो पार्नुपर्ने अनुभूति भएको छ । भोलिको निम्ति आज हामी सम्पूर्ण महिलाहरूको एउटै हुङ्कार हुनुपर्छ । तब मात्र समाजको महिलाप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन हुनेछ । कागजमा लेखिएका समानताका शब्दहरू अब अर्थसहित व्यवहारमा प्रयोग हुनुपर्छ । हर दमन, अतिक्रमण र प्रभुत्ववादी सोचलाई परास्त गर्नका निम्ति महिला र पुरुषको समान भूमिकाको आवश्यकता छ । तब मात्र एउटा राज्य असल राज्य बन्नेछ भन्ने दृष्टान्तहरू निर्माण गर्दै जानुपर्छ ।

महिला अधिकारको कुरा गर्दैगर्दा त्यहाँ सधैं पुरुषलाई विपक्षमा राखेर मात्र पनि बहस गरिनु हुँदैन । महिलाको अधिकारका लागि पुरुष पनि खुलेर अगाडि आउनुपर्छ र आफ्नो सहभागिता जनाउनुपर्छ । जबसम्म महिला र पुरुषको भूमिका समान रहँदैन, महिला एकको मात्र प्रयासले यो समाज बदलिँदैन । यो के कारणले पनि आवश्यक छ भने जति महत्व एउटा पुरुषको जीवनमा महिलाको रहन्छ, त्यति नै महत्व एउटा महिलाको जीवनमा पुरुषको रहेको छ ।

वर्षौं बित्दा बनेन् पुल, नयाँ ठेक्काको तयारी



काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, २४ चैत

सम्बन्धित निकायको बेवास्ता र निर्माण ढिलाइका कारण मध्यपहाडी राजमार्ग अन्तर्गत भेरी नदीमा बन्ने पुल १३ वर्षदेखि अलपत्र परेको छ।

रुकुमपश्चिम र जाजरकोट जोड्ने यो महत्वपूर्ण पुल समयमै सम्पन्न भएको भए २०७२ सालमै सञ्चालनमा आउने थियो।

२०६९ सालमा तीन वर्षभित्र निर्माण सक्ने लक्ष्यसहित वाइपी कन्स्ट्रक्सन प्रालिसँग ठेक्का सम्झौता गरिएको भए पनि हालसम्म पुल निर्माण सम्पन्न हुन सकेको छैन।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको मध्यपहाडी राजमार्गको रुकुमपश्चिम-जाजरकोट खण्ड यसकै कारण जोडिन सकेको छैन।

चौरजहारी नगरपालिका-२ अँधेरेदेखि जाजरकोटको भेरी नगरपालिका-१३ कुदुसम्म जोड्ने गरी निर्माण सुरु गरिएको पुलको दुवैतर्फ आधार पिल्लर मात्रै खडा गरिएका छन्।

मुख्य संरचना अझै निर्माण हुन सकेको छैन। मध्यपहाडी राजमार्ग योजना कार्यालय, दैलेखका प्रमुख निरञ्जन थापाका अनुसार पुल निर्माणका लागि नयाँ ठेक्काको प्रक्रिया अगाडि बढाइएको छ।

साबिक डिजाइनमा आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि सडक विभागमा पठाइएको र सम्भवत यसै वर्ष टेन्डर आह्वान गरिने तयारी रहेको उनले जानकारी दिए।

नदीको धार परिवर्तन भई फैलिएको अवस्थालाई ध्यानमा राख्दै तटबन्धसहितको नयाँ डिजाइन तयार गरिएको छ।

पहिलो ठेक्का रद्द भएपछि दुई पटक टेन्डर आह्वान गरिए पनि सफल हुन सकेन। एक पटक लागत भन्दा बढी प्रस्ताव आएपछि सम्झौता हुन सकेन भने अर्को पटक कुनै पनि कम्पनीले आवेदन नदिएको बताइएको छ।

पुल निर्माण नहुँदा मध्यपहाडी राजमार्गको स्तरोन्नति र कालोपत्रे कार्यसमेत प्रभावित भएको छ। साथै, रुकुमपश्चिमबाट जाजरकोटसम्म सिधा यातायात सञ्चालन हुन नसक्दा स्थानीय वासीले सास्ती भोगिरहेका छन्।

प्रारम्भिक ठेक्का लिएको निर्माण कम्पनीले काम नगरेपछि २०७९ मङ्सिर २९ गते ठेक्का सम्झौता औपचारिक रूपमा तोडिएको थियो। यससँगै ७२ लाख रुपैयाँ धरौटी र दुई करोड ६० लाख रुपैयाँ पेस्की जफत गरिएको थियो। साथै सार्वजनिक खरिद नियमावली, २०६३ अनुसार कम्पनीलाई ८ करोड ५७ लाख ९५ हजार ६ सय २६ रुपैयाँ जरिबाना तोकिएको थियो।

१८ करोड रुपैयाँ लागतको उक्त आयोजनामा संलग्न वाइपी कन्स्ट्रक्सनका सञ्चालक राजु श्रेष्ठको निधनपछि निर्माण कार्य झनै प्रभावित भई अलपत्र परेको जनाइएको छ।

ठेकेदारको लापर्वाहीले सडक योजना अलपत्र



काँक्रेविहार संवाददाता
दैलेख, २४ चैत

निर्माण व्यवसायीको लापर्बाहीका कारण महत्वपूर्ण सडक निर्माण योजना अलपत्र परेको छ। ताराघाट-खरीगैर ा-गैंडावाज रानीवन-टाकुरी हुँदै कासिकाँध जोड्ने सडक समयमै सम्पन्न हुन नसक्दा स्थानीयवासी समस्यामा परेका छन्।

पूर्वाधार विकास कार्यालय दैलेखले २०७९ भदौमा पन्त आकृति जेभी, गुल्मीसँग तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको थियो।

तर तोकिएको अवधिमा काम पूरा नभएपछि थप एक वर्ष म्याद बढाइएको छ। सम्झौता अनुसार १९ किलोमिटर सडक कटिङ तथा चौडाइ विस्तार र छ किलोमिटर सडक ढलान तथा कालोपत्रे गर्ने लक्ष्य राखिएको थियो।

निर्माण कार्य ढिलो हुँदा सडक लामो समयदेखि अधुरो अवस्थामा छ। सडक निर्माण नहुँदा स्थानीय वासीले हिउँदमा धुलो र बर्खामा हिलोको समस्या भोगिरहेका छन्, जसले दैनिक जीवन कष्टकर बनाएको छ।

पूर्वाधार विकास कार्यालय दैलेखका प्रमुख इन्जिनियर प्रवीण कार्कीका अनुसार निर्माण कम्पनीलाई पटक-पटक ताकेता गरिए पनि अपेक्षित प्रगति हुन सकेको छैन।

कम्पनीले उपकरण अभाव देखाउँदै काम रोकिएको जानकारी दिएको र छिट्टै पुनः निर्माण कार्य सुचारु गर्ने प्रतिबद्धता जनाएको उनले बताए।

हालसम्म करिब ६० देखि ६५ प्रतिशत काम सम्पन्न भएको छ भने हालको सम्झौता अवधि २०८३ भदौ ८ गतेसम्म कायम छ।

तोकिएको समयभित्र काम नसकिए प्रगतिका आधारमा कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ।

स्थानीयवासीका अनुसार निर्माण ढिलाइका कारण आवतजावतमा कठिनाइ भइरहेको छ। महाबु गाउँपालिका-२ का दीपक थापाले सवारीसाधन तथा पैदल यात्रु दुवैलाई समस्या भएको बताए।

बर्खाको समयमा सडक हिलाम्मे र हिउँदमा धुलाम्मे हुँदा दैनिक जीवन प्रभावित भएको उनको गुनासो छ। त्यस्तै, वडा अध्यक्ष प्रकाशराज थापाले निर्माण कम्पनीले ढिलासुस्ती मात्र नभई सम्बन्धित निकायको निर्देशन समेत बेवास्ता गरेको आरोप लगाए।

उनका अनुसार कम्पनीले केही स्थानमा देखावटी रूपमा मात्र काम गरेर स्थानीय सरकारलाई झुक्याउने प्रयास गरिरहेको उनको टिप्पणी छ।

बजेट सुनिश्चित, नयाँ शैक्षिक सत्रबाट सञ्चालनमा



काँक्रेविहार संवाददाता
कैलाली, २४ चैत

लामो समयदेखि अलमलमा परेको कैलालीको गेटास्थित सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय आगामी शैक्षिक सत्रबाट सञ्चालनमा आउने भएको छ।

नयाँ सरकारले विश्वविद्यालय सञ्चालनका लागि आवश्यक बजेट र कानुनी प्रक्रियालाई प्राथमिकता दिएका कारण सुदूरपश्चिम वासीमा उत्साह छाएको छ।

नेपाल सरकारले २०८० माघ २९ गते मन्त्रीपरिषद् बैठकले विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने निर्णय गरिसकेको थियो।

करिब ५१ हेक्टर क्षेत्रफलमा फैलिएको यस विश्वविद्यालयमा सरकारले ८ अर्ब रुपैयाँभन्दा बढी लगानी गरिसकेको छ र ४२ वटा भवन निर्माण भइसकेको छ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा कैलाली क्षेत्र नं. ५ बाट निर्वाचित सांसद डा. आनन्दबहादुर चन्दले आगामी शैक्षिक सत्रदेखि विश्वविद्यालय सञ्चालनमा आउने विश्वास व्यक्त गरे।

उनले विश्वविद्यालय सञ्चालनका लागि आवश्यक बजेट सुनिश्चित भइसकेको छ। यसले सुदूरपश्चिममा शिक्षा र स्वास्थ्य क्षेत्रमा ठुलो अवसरको ढोका खोल्नेछ।

विश्वविद्यालय विधेयक विगत दुई वर्षदेखि प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा रोकिएको थियो।

प्रतिनिधि सभा सदस्य चन्दले नयाँ सरकारले गेटामा शैक्षिक कार्यक्रम सुरु गर्न र अस्पतालको सेवालाई विस्तार गर्न कानुनी र व्यावहारिक बाटो खोल्ने बताए।

सुरुको चरणमा ५० विद्यार्थीलाई एमबिबिएस वा चिकित्सा शिक्षा पढाउने योजना रहेको छ। प्रधानमन्त्री बालेन्द्र शाहले पनि विश्वविद्यालय सञ्चालनमा चासो देखाउनु भएको र बजेट व्यवस्थापनमा सहयोग गरिएको छ।

सुदूरपश्चिमका सांसदहरूले सिंहदरबार स्थित प्रधानमन्त्री कार्यालयमा रणनीतिक योजना प्रस्तुत गरी बजेट विनियोजनमा ध्यानाकर्षण गराएका थिए।

कैलाली निर्वाचन क्षेत्र नं. ४ का सांसद खेमराज कोइरालाले विश्वविद्यालय तत्काल सञ्चालनमा ल्याउन दुई अर्ब ५८ करोड रुपियाँ बजेट सुनिश्चित भएको र प्रधानमन्त्री शाहले काम अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको जानकारी दिए।

यसअघि सेती प्रादेशिक अस्पताल, महाकाली अस्पताल र टीकापुर अस्पताललाई विश्वविद्यालयसँग आबद्ध गर्ने विषयमा प्रदेश सरकारले स्वीकृति दिएको छ।

विश्वविद्यालयका उपकुलपति प्राडा सुनीलकुमार जोशीले नयाँ शैक्षिक सत्रबाट चार वटा सङ्कायमा पठनपाठन सुरु गर्ने तयारी भइरहेको जानकारी दिए। उनले सरकारले विश्वविद्यालय सञ्चालनलाई प्राथमिकतामा राखेको र बजेट व्यवस्थापनमा सकारात्मक रहेको बताए। विश्वविद्यालय सङ्घर्ष समितिका संयोजक ८८ लोकराज पाण्डे (आगो) ८८ले सुदूरपश्चिमवासीको लामो समयदेखि रहेको सपना साकार हुने आशा व्यक्त गरे। विश्वविद्यालय सभाको पहिलो बैठक आगामी २५ गते बिहान ९ बजे विश्वविद्यालय परिसरमै आयोजना हुने भएको छ। यो पहिलो पटक विश्वविद्यालयको स्थलमै बैठक बोलाइएको हो; यसअघि तीन बैठक सङ्घीय राजधानी काठमाडौंमा आयोजना भएका थिए। उपकुलपति जोशीका अनुसार बैठकमा विश्वविद्यालयसँग सम्बन्धित नियमावली, विभिन्न कार्यविधिको अनुमोदन, आर्थिक नियमावली र खरिद नियमावली लगायतका विषयमा छलफल हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत अभाव, निमित्तकै भरमा



काँक्रेविहार संवाददाता
कालीका]ट, २४ चैत

खाँडाचक्र नगरपालिकामा लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगरपालिका निमित्तकै भरमा सञ्चालन भइरहेको छ।

जिल्लाका अन्य सबै पालिकामा स्थायी प्रमुख प्रशासकीय अधिकृत हुँदा सदरमुकाम स्थित यो नगरपालिका भने नेतृत्वविहीन बनेको छ।

सरकारले देशभरका ७ सय ५३ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाएको दाबी गरे पनि खाँडाचक्र नगरपालिकामा दरबन्दी अनुसारको कर्मचारी अभाव देखिएको छ।

२०७४ सालदेखि अधिकांश समय नगरपालिका निमित्त प्रमुखकै भरमा चल्दै आएको छ। गत भदौमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले रिक्त स्थानीय तहमा कर्मचारी खटाउने अभियान अन्तर्गत लोक सेवा आयोग कर्णाली प्रदेशमा कार्यरत उपसचिव पदमबहादुर बुढाक्षेत्री यहाँ सरुवा भई हाजिर भएका थिए।

१५ दिनमै उनलाइ दैलेखको दुल्लु नगरपालिकामा पुनः सरुवा गरिएपछि नगरपालिका फेरि नेतृत्व विहीन बन्न पुगेको हो।

२०७९ सालको पाँच महिना र गत भदौ-असोजको छोटो अवधिबाहेक नगरपालिकाले दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत पाउन सकेको छैन।

नगरपालिकाका स्वास्थ्य तथा सरसफाइ शाखामा कार्यरत वरिष्ठ अहेव रविन्द्र सेजुवालका अनुसार स्थायी प्रमुख प्रशासकीय अधिकृत नहुँदा निर्णय प्रक्रिया प्रभावित भएको छ र सेवाग्राहीका काम समयमै हुन सकेका छैनन्।

शिक्षा शाखा प्रमुखले जिम्मेवारी लिन नमानेपछि वरिष्ठताका आधारमा अर्को कर्मचारीलाई निमित्त बनाइएको भए पनि त्यसले पूर्ण अधिकार प्रयोग गर्न नसक्ने अवस्था रहेको उनले बताए। स्थानीय वासीका अनुसार कर्मचारी अनुशासनमा पनि असर परेको छ। कार्यालय सहयोगी, राजस्व, रोजगार र प्रशासन शाखाबाहेक अन्य कर्मचारी नियमित रूपमा उपस्थित नहुने गुनासो गरिएको छ। सामान्य सिफारिस लिन समेत ढिलाइ हुने गरेको स्थानीय नेत्रबहादुर शाहीले बताए। नगरपालिकाका उपप्रमुख गणेशबहादुर शाहीले पनि कर्मचारी अनुशासन कमजोर भएको स्वीकार गरे।

उनले हाजिरी व्यवस्थापनमा कडाइ गर्न खोजिए पनि अपेक्षित सुधार हुन नसकेको बताउँदै संस्थागत सुधारको आवश्यकता औंल्याए।

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
नौमूले, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेनिभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

नारायण नगरपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेनिभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

सुदूरपश्चिम प्रदेशसभा बैठक :

सात महिनापछि पनि जेन-जी आन्दोलनमै बहस केन्द्रित

❐ काँक्रेविहार संवाददाता
धनगढी, २४ चैत

सुदूरपश्चिम प्रदेशसभाको सातौँ अधिवेशन आजदेखि सुरु भएको छ। दुई महिनापछि सुरु भएको अधिवेशनको पहिलो बैठकमा बोल्ने अधिकांश प्रदेशसभा सदस्यले सात महिनाअघिको जेन-जी आन्दोलनकै चर्चा गरे। सत्तारुढ नेपाली कांग्रेसका प्रमुख सचेतक विक्रम धामीले २४ भदौमा सरकारी र निजी सम्पत्तिमाथि भएको आगजनीको खेद प्रकट गरे।

'पुराना दलले जतिसुकै गलत गरे पनि सिंहदरबारमाथि आगजनी गरेका थिएनन्,' उनले भने। नेपाली जनताले बेलाबेला फरकफरक दललाई विश्वास गरेको बताउँदै रास्वपा नेतृत्वको वर्तमान सरकारका केही दिन हेर्न भने कुर्नुपर्ने बताए। धामीले पार्टीका सभापति शेरबहादुर देउवा तथा आरजु राणा देउवामाथि आक्रमण हुँदासमेत कसैले आवाज उठाउन नसकेको बताए। एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउको पनि उनले विरोध जनाए। किरियामा भएको बेलासमेत सरकारले मानवता नदेखाएको उनको भनाई थियो ।प्रमुख प्रतिपक्ष दल नेपाली कम्युनिस्ट पार्टीका संसदीय दलका नेता खगराज भट्टले जेन-जी आन्दोलनपछि पनि प्रदेश सरकार गम्भीर नबनेको भन्दै आलोचना गरे। 'जेन-जी आन्दोलनपछि झन बढी गम्भीर बन्नुपर्ने अवस्थामा प्रदेश सरकार निन्द्रामा सुतेको जस्तो देखियो,'।

अटोचालकले...

समस्या भए आफूलाई जानकारी दिन पनि आग्रह गरे। 'फिल्डमा खटिएका प्रहरी कर्मचारी वा अरु कसैले तपाईंहरूलाई नराम्रो व्यवहार गरेमा खबर गर्नुहोला,' उनले भने, 'सकेसम्म म नै फिल्डमा पुग्छु, मलाई फोन गर्नुभयो भने प्रहरी कर्मचारी वा जोसुकैलाई पनि कारबाहीको दायरामा ल्याउनेछु तर तपाईंहरुले ट्राफिक नियमको पालना गर्नुभएन भने हामीले कारवाही गर्नैपर्छ।'

एसपी रिजालले ट्राफिक नियमको पालना गर्न आग्रह गर्दै जोखिम मोलेर यात्रा नगर्न महिलाहरुलाई सुझाव दिए। क्षमताभन्दा बढी यात्रु राखेर आफ्नो र यात्रुको ज्यान जोखिममा नराख्न उनले आग्रह गरे। उनले प्रहरीले गर्नुपर्ने समन्वय र सहकार्यका लागि कुनै पनि कमी नहुने प्रतिवद्धता जनाए। जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रहरी निरीक्षक रोहित शाहीले महिला अटोचालकमाथि हुने गलत व्यवहारविरुद्ध प्रहरीसँग सहकार्य गरेर अगाडी बढ्न आग्रह गरे। उनले आफ्नो कार्यक्षेत्रभित्र पर्ने काम गर्न पछाडी नहट्ने बताए।

कार्यक्रममा अटो चालक शान्ता परियारलाई ट्राफिक प्रहरीसँगको समन्वय र चालकका समस्या सहजीकरणका लागि तोकिएको छ। उनले महिला अटोचालकसँग समन्वय गर्ने र उनीहरूका समस्या प्रहरीसम्म पुऱ्याउने काम गर्ने प्रहरी निरीक्षक शाहीले जानकारी दिए।

उनका अनुसार यसका लागि सामाजिक सञ्जालमा एउटा समूह बनाइएको छ। यसमा महिला ट्राफिक कर्मचारीसँगै जिल्ला ट्राफिक प्रमुख शाही र अटोचालक महिलाहरू जोडिएका छन्। उनीहरूले अब आफ्ना समस्या यसैमार्फत राख्ने र प्रहरीले समाधानका लागि पहल गर्नेछ। आगामी दिनमा यस्ता खाले कार्यक्रम गर्न नसकिएपनि सामाजिक सञ्जालमार्फत महिलाहरुले एकै ठाउँमा आफ्नो समस्या तथा गुनासो राखेपछि समाधानका लागि सहज हुने प्रहरीले जनाएको छ।

आँखा शिविरबाट ५२ ले लिए लाभ

❐ काँक्रेविहार संवाददाता
सल्यान, २४ चैत

सल्यानको कालीमाटी गाउँपालिकामा सञ्चालन गरिएको निःशुल्क आँखा शिविरबाट ५२ जनाले हराउँदै गएको दृष्टि पुनः प्राप्त गरेका छन्। दुर्गम क्षेत्रका नागरिकलाई लक्षित गर्दै सञ्चालन गरिएको शिविरले धेरैलाई नयाँ आशा दिएको छ। शिविरमा ३ सय ७२ जनाको आँखा परीक्षण गरिएकोमा ५२ जनामा मोतिबिन्दु पहिचान भई निःशुल्क शल्यक्रिया गरिएको कालीमाटी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख गोरखबहादुर थापाले जानकारी दिए। शल्यक्रिया गराइएकामध्ये २३ जना पुरुष र २९ जना महिला रहेका छन्। परीक्षण गरिएकामध्ये २ सय ४५ पुरुष र १ सय २७ महिला थिए।

निजी...

परीक्षाको नतिजा सार्वजनिक नहुँदै संस्थागत विद्यालयहरुले विद्यार्थी भर्नामा होडबाजी चलाएपछि सरकारले यस्तो निर्देशन दिएको हो।

यसअघि शैक्षिक संस्थाहरुमा शिक्षक तथा विद्यार्थीका दलिय संगठन खारेज गर्नेदेखि उच्च शिक्षाका लागि तयारी गर्न भन्दै खोलिएका निजी शैक्षिक संस्थाहरु बन्द गराउने निर्णय सरकारले गरिसकेको छ। यद्यपी यी निर्णय विवादमुक्त भने छैनन्।

अनुमति रद्द हुनबाट सचेत रहौं

सरकारले शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ अनुसार १० वर्ष अघि निजी विद्यालयमा शुल्क निर्धारण निर्देशिका जारी गरेको थियो। निर्देशिकाको व्यवस्था उल्लंघन गरेमा २५ हजार जरिवानादेखि विद्यालयको अनुमतीपत्र रद्द गरिनुका साथै प्रचलित कानुनअनुसार दण्ड सजायसम्मको कारवाही हुनसक्छ।

तर निर्देशिकाको फितलो कार्यान्वयनका कारण निजी विद्यालयहरुले वर्षेनी मनपरी शुल्क असुल गरिरहेका छन्। निर्देशिका विपरित शुल्क असुले पहिलो पटक कसुरको प्रकृति हेरेर २५ हजारसम्म जरिवाना हुने कानुनी प्रावधान छ।

यस्तै, दोस्रो पटक विद्यालयको अनुमति स्वीकृति रद्द गर्ने र शुल्कको मापदण्ड पूरा नगरी शुल्क लिने कार्यलाई पूर्ण रूपमा अवैधानिक मानी प्रचलित ऐन नियमअनुसार कारबाही गरिने व्यवस्था निर्देशिकामा छ।

यस्तै, निजी विद्यालयले तोकिएका विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिसमेत दिनुपर्छ। ऐनअनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अर्न्तगतका विद्यालयले प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु हुन्छ।

पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा १० प्रतिशत, पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भर्ना भएका विद्यालयले कम्तीमा १२ प्रतिशत र आठ सयभन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले कम्तीमा १५ प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न छात्रवृत्ति दिनुपर्दछ। तर यो प्रावधान अधिकांश संस्थागत विद्यालयहरुले पालना नगरेको अभिभावकहरुको गुनासो छ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२५

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/१२/२४ मा स्वीकृती प्राप्त भई सावित कम्पनी रारा मिडिया ग्रुप प्रा. लि. वी.न.पा-८, सुर्खेत (प्रा.लि.नं. २७४९७४/०७८/०७९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको रारा मिडिया नेटवर्क प्रा.लि. वी.न.पा-४, सुर्खेतले स्वीकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

उद्योग खारेजी सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (सावित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री मान बहादुर घर्ति धनि रहेको, दर्ता नम्बर २१०४/०७१/०७२ बाट चिङ्गाड गाउँपालिका-३ सुर्खेत मा संचालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री हरियाली कृषि तथा पशु फर्म नामको प्राइभेट / साझेदारी उद्योग मेरा/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसंग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/२५

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (सावित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री मानबहादुर घर्ती धनी रहेको, दर्ता नम्बर २१०४/०७१/०७२ बाट मटेला-९, सुर्खेत हाल चिङ्गड-३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री हरियाली कृषि तथा पशु फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (सावित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री कमलराज श्रीस धनी रहेको, दर्ता नम्बर ५९९१/०७६/०७७ बाट गुर्भाकोट न.पा.-१३ सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री गुमेली पोल्ट्री फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालीकोट
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेे निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दुल्लू, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेे निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)